चन्दननाथ नगरपालिकामा कार्यरत कर्ममचारीहरुको समायोजन सम्बन्धमा व्यबस्थापन गर्न बनेको विधेयक **२०७८,**

प्रमाणिकरण मिति :२०७८।०३।३१

**प्रस्तावना :** **नेपाल सरकारका सरकारी तथा अन्य सेवावाट कर्मचारीहरु समायोजन भई चन्दननाथ नगरपालिकामा समायोजन भई खटिए पश्चात साविकको चन्दननाथ नगरपालिकामा प्रवेश गरी हाल सम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको साथै कर्मचारी समायोजन ऐन,२०७४ को दफा ६ को उपदफा ४ समेतलाई आधार मानी नगरपालिकाको सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहवाट सरुवा भई चन्दननाथ नगरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चन्दननाथ नगरपालिकाको सातौ नगर सभाले यो ऐन बनाएको छ ।**

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"चन्दननाथ नगरपालिका कर्मचारी समायोजन ऐन,२०७८"** रहेको छ ।

(२) नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क)**"कर्मचारी "** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको चन्दननाथ नगरपालिका को स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हालसम्म कार्यरत स्थायी वा अन्य स्थानीय निकाय (जस्तै : जिल्ला

विकास समिति,गाँउ विकास समिति)वाट कर्मचारी समायोजन ऐन २०७४ अनुसार समायोजन नभई चन्दननाथ नगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्भ्कानु पर्दछ ।

(ख)**"कार्यपालिका"** भन्नाले चन्दननाथ नगरपालिकाको नगर कार्यपालिकालाई सम्भ्कनु पर्छ ।

(ग) **"तोकिएको वा तोकिए बमोजिम** " भन्नाले यस ऐन र चन्दननाथ नगरपालिकाले समय समयमा निर्णय गरि तोकिएको वा तोकिएका कुरालाई सम्भ्कनु पर्छ ।

(घ) **"नगरसभा "** भन्नाले चन्दननाथ नगरपालिकाको नगर सभालाई सम्भ्कनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकिय अधिकृत "** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियूक्त चन्दननाथ नगरपालिकाको प्रमुख प्रशसकिय अधिकृत सम्भ्कानु पर्छ ।

(च) **"नगरपालिका सेवा"** भन्नाले चन्दननाथ नगरपालिकामा कार्यरत रहेको स्थायी कर्मचारीको सेवा समुहलाई सम्भ्कानु पर्छ ।

(छ) **"नगरपालिका "** भन्नाले चन्दननाथ नगरपालिकालाई सम्भ्कनु पर्छ ।

(ज) **"स्थानीय कानुन "** भन्नाले चन्दननाथ नगरपालिकावाट जारी भएका कानुलाई सम्भ्कानु पर्छ ।

## परिच्छेद -२
## तह तथा स्तरवृद्धि सम्वन्धमा

३. **नगरसेवाका कर्मचारी कर्मचारी समायोजन गर्ने :** (१) साविकको स्थानीय निकायको रुपमा चन्दननाथ नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियूक्ति भई नगरपालिकामा सरुवा वा पदस्थापन भएका र यो ऐन जारी हुँदाका वखत नगरपालिकामा कार्यरत नगरपालिका सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२)उपदफा (१) बमोजिम नगरपालिका सेवाका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुने छ ।

| सि. नं | साविकको तह | समायोजना पश्चात कायम हुने तह | पदको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सहायक स्तर तृतिय | सहायक स्तर चौथो | सहायक | |
| २ | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | बरिष्ठ सहायक | |
| ३ | सहायक स्तर पाँचौ | सहायक स्तर छैठौं | अधिकृत | |
| ४ | सहायक स्तर छैठौं | सहायक स्तर सातौ | बरिष्ठ अधिकृत | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सहायक स्तर सातौ | सहायक स्तर आठौं | प्रशासकिय अधिकृत | |
| ६ | सहायक स्तर आठौं | सहायक स्तर नवौं | योजना अनुगमन तथा प्रशासन अधिकृत | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्वन्धित सेवा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा बमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाईपाई आएको तलव भन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(५) उपदफा (१) बमोजिम समायोजन स्वीस्कार गर्ने कर्मचारीहरुले समायोजनवाट कायम हुने तहका निम्ती तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपुर्वको अवधिको तलव तथा भत्ताहरु दावी गर्न पाइने छैन ।

**४. तह तथा स्तर वृद्धि सम्वन्धि विषेश व्यवस्था :** (१) कर्मचारी समायोजन ऐन २०७४ अनुसार स्थानीय तहमा पदस्थापना वा समायोजन भएका तर उक्त अवस्थामा स्तर वृद्धि वा ग्रेड प्राप्त नगरेका साविक स्थानीय निकायमा कार्यरत वा अन्य स्थानीय निकायवाट नगरपालिकामा व्यवस्थापन वा समायोजन भई आएका हाल कार्यरत स्थायी कर्मचारीलाई मात्र तह वा स्तर वृद्धि गरिने छ ।

(२) उपदफा (१) अनुसार तह वा स्तर वृद्धि हुने स्थायी कर्मचारी मध्ये श्रेणि विहिन कर्मचारीको हकमा तीन वर्ष र सहायक स्तर तथा अधिकृत स्तरका कर्मचारीको हकमा पाँच वर्ष सेवा अवधि पुरा गरेका ,न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका, विभागीय कारवाहीमा नपरेका,स्थायी कर्मचारीलाई यो ऐन जारी भए पछि तह वा स्तर वृद्धि सम्वन्धि विषेश व्यवस्था गरी ) एक तह माथिको पदमा समायोजन गरिनेछ ।

३) उपदफा (२) अनुसार तह वा स्तर वृद्धि भएका कर्मचारीहरु मध्ये यो ऐन जारी हुँदाका वखत पाँच वर्ष नपुगेका, समायोजन पश्चात कुनै पनि तह वा स्तर वृद्धि नभएका,ग्रेड प्राप्त नगरेका कर्मचारीको हकमा कार्यसम्पादन मूल्याँकन,सेवा अवधि ,एक तह माथिको लागि आवश्यक पर्ने शैक्षिक योग्यता प्राप्त भएको अवस्थामा यो ऐन बमोजिमको तह वा स्तर वृद्धि गर्न वाधा पुगेको मानिने छैन ।

**५.तह तथा स्तरवृद्धिका लागि समिति गठन** : (१) यस ऐन बमोजिम कर्मचारीको तह तथा स्तर वृद्धि गर्न देहाय बमोजिमको एक समिति रहने छ ।

क.प्रमुख प्रशासकिय अधिकृत - संयोजक

ख.संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना - सदस्य

ग.प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

## परिच्छेद -३
## समायोजन पत्र,पदस्थापन,सेवा सुविधा तथा जेष्ठता सम्वन्धमा

**६.समायोजनको पत्र दिने :** (१) यस ऐन बमोजि समायोजन भए पश्चात नगरसेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकिय अधिकृतले समायोजन भएको वा तह वा स्तर वृद्धि गरिएको पत्र दिनु पर्नेछ ।

**७.पदस्थापन गरिने :** यस ऐन बमोजिम समायोजन भए पश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरावलोकनले निर्धाण गरे बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकिय अधिकृतवाट पद स्थापन गरिने छ । साथै तह तथा स्तरवृद्धि भएको कर्मचारीले जुनसुकै कारणवाट अवकाश पाएमा तह तथा स्तरवृद्धि हुनु अघिको तह तथा स्तरको पदको दरवन्दि कायम हुनेछ ।

**८. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा :** यस ऐन वमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुविधा स्थानीय कानुनले तोके बमोजिम हुनेछ ।

**९.पुल दरवन्दी सम्वन्धि व्यवस्था :** दफा ३ बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिनेछ । यसरी समायोजन भई पुल दरवन्दी कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्वको यथास्थानमा कामकाज गर्न वाधा पुगेको मानिने छैन ।

**१०.जेष्ठताको गणना :** (१) तह तथा स्तरवृद्धि हुने कर्मचारीको जेष्ठता निर्धारण गर्दा जुन तह तथा स्तरमा वृद्धि हुने हो उक्त तह तथा स्तर भन्दा एक तह मुनिको तह तथा स्तरमा नियूक्ति वा बढुवा भएको निर्णय मितिलाई आधार मानिने छ ।

यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम भएको पदका लागि गणना गरिनेछ ।

**११.खारेजी तथा वचाउ : (१)** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नगर कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२)कर्मचारी समायोजन एने २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(३) यस ऐनमा जुन सुकै कुरा लेखिएको भएता पनि प्रचलित ऐन नियम संग वाझिएको अवस्था प्रचलित ऐन नियम अनुसार भए गरेको मानिने छ।